नेपाल सरकार
भूमिसुधार तथा व्यवस्था मन्त्रालय
भूमिसुधार तथा व्यवस्थापन विभाग
(जग्गा प्रशासन शाखा)

फ्याक्स नं. ४२३०५८५
महानिर्देशक: ४२२३०४९
निर्देशक प्रशासन: ४२२५९६
निर्देशक योजना: ४२२६९८
क.प्र.शाखा: ४२६६४९३
आ.प्र.शाखा: ४२६६४९३
पिए Ext. ४२२००२८

ववरमहल,काठमाण्डौं

पत्रसख्या:- ०७२/०७३/ 239
चलानी नं.:- 678

मितिः-२०७२/०६/२४

विषयः *परिपत्र गरिएको ।*

श्री मालपोत कार्यालय,
सवै ।

प्रस्तुत विषयमा गुठी संस्थान ऐन, २०३३ को दफा ३६ बमोजिम गुठी रैतान नम्बरीमा परिणत गरी दर्ता भैसकेका जग्गा पुनः नापी हुँदा क्षेत्रफल बढेको जग्गाको मालपोत कार्यालयले रजिष्ट्रेशन प्रयोजनका लागि तोकेको मूल्यको पचास प्रतिशतले हुने रकम बुझाएर मात्र हालसाविक गरी जग्गाधनी दर्ता प्रमाण पत्र उपलव्ध गराउने भनी मिति २०६६/९/२१ को निर्णय अनुसार परिपत्र भैरहेकै अवस्था छ । पुनः नापी भएको जग्गाको वढेको क्षेत्रफलको रकम जुनसाल बुझाउने हो त्यसैसालको मूल्यलाई आधार मानी मूल्य लिने र यस अनुसार गुठी रैतान नम्बरी जग्गाको नापीमा वढ जग्गाको मूल्य नबुझाएको अवस्थामा बढेको जग्गाको हालसाविक नगर्न सवै मालपोत कार्यालयहरूलाई निर्देशन हुन तहाँ अनुरोध गर्ने भनी गुठी संस्थान संचालक समितिवाट मिति २०७१/१२/२७ मा निर्णय भएकोले निर्णयानुसार सवै मालपोत कार्यालयहरूमा परिपत्र गर्ने व्यवस्था भै गुठी जग्गा अद्यावधिक गर्ने कार्यमा सहयोग गरिदिनुहुन अनुरोध गर्दछु भनि गुठी संस्थान प्रधान कार्यालय, भूमि व्यवस्था तथा अभिलेख शाखाको च.नं. ९९८ मिति २०७२/६/२० को पत्रवाट लेखी आएको हुँदा लेखी आए वमोजिम गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ ।

(पवनराज कोईराला)
शाखा अधिकृत

**बोधार्थ:-**
श्री भूमिसुधार तथा व्यवस्था मन्त्रालय,
जग्गा प्रशासन शाखा, सिंहदरवार ।
श्री गुठी सस्थान, प्रधान कार्यालय,
भूमि व्यवस्था तथा अभिलेख शाखा, त्रिपुरेश्वर ।
श्री भूमिसुधार तथा व्यवस्थापन विभाग,
भू-सुचना शाखा:परिपत्र बेवसाइडमा राख्ने व्यवस्था हुन ।